नेपाल सरकार

# अर्थ मन्त्रालय

फोन न.: ४२००४१८

फ्याक्स न.: ४२००४६८

ईमेलmoev@mof.gov.np

सिंहदरवार, काठमाडौ

नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार, काठमाडौं

च.नं.:

मिति : २०८०/०४/१०

बिषयः प्रेस विज्ञप्ती ।

अर्थ मन्त्रालयले आज मिति २०८० साउन १० गते आर्थिक वर्ष २०८०/८१ को वजेट कार्यान्वयनको हालसम्मको तयारीका सम्बन्धमा विषयगत मन्त्रालयका सचिवहरुसँग अन्तरक्रिया गरेको छ। उक्त कार्यक्रममा माननीय अर्थमन्त्री डा. प्रकाश शरण महतले खर्चको आवश्यकता र उपलब्ध स्रोतको वीचमा खाडल रहेकोले विनियोजित रकमको दक्षता वढ्ने गरी खर्च गर्न निर्देशन दिनुभयो। उहाँले आगामी दिनमा आयोजनाको प्राथमिकीकरण गरेर मात्र वहुवर्षिय ठेक्का र स्रोत सहमतिको प्रक्रिया अगाडी वढाईने जानकारी गराउँदै आ-आफ्नो मन्त्रालयमा हाल रहेको आयोजनाको प्राथमिकताक्रम निर्धारण गर्न विषयगत मन्त्रालका सचिवहरुलाई निर्देशन दिनुभयो। उहाँले बजेट बक्तव्यमा उल्लेख भए बमोजिम आगामी कार्तिक भित्र ठेक्का व्यवस्थापन गर्ने गरी तयारीमा जुट्नु पर्ने उल्लेख गर्नुभयो। सो अवसरमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा.मिन वहादुर श्रेष्ठले राष्ट्रिय योजना आयोगबाट आयोजना वैंकको सुदृढीकरण, आयोजना वर्गिकरण मापदण्डको तर्जुमा र कार्यान्वयन तथा अनुगमन संयन्त्रलाई प्रभावकारी गराउने गरि काम अगाडि वढाईएको जानकारी दिनुभयो। उक्त अवसरमा मुख्य सचिव डा.वैकुण्ठ आर्यालले २०८०/८१ बजेट वक्तव्यवाट खारेज गर्न र पुर्नसंरचना गर्न प्रस्ताव गरेको निकाय तथा कार्यालयका खारेजी तथा पुनसंरचना प्रक्रिया तत्काल अघि वढाउन निर्देशन दिनुभयो। कार्यक्रममा विषयगत मन्त्रालयका सचिवहरुले आ-आफ्नो मन्त्रालयको वजेट कार्यान्वयन तयारी, अन्तर निकाय समन्वय गर्नुपर्ने विषयहरु र अर्थ मन्त्रालयले सहजीकरण गर्नुपर्ने विषयमा आ-आफ्नो धारणा राख्नु भएको थियो ।

०८०।०४।१०

(धनिराम शर्मा)

सहसचिव एवम् प्रवक्ता